केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: २ मिति: २०७८।०४।०१

**भाग-२**

## केदारस्युँ गाउँपालिकाको आर्थिक ऐन, २०७८

**गाउँसभाबाट पारित मिति : २०७८।०३।११**

**प्रस्तावना** : केदारस्युँ गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम केदारस्युँ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि केदारस्युँ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५.**व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**१६. कर तथा संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसुची-१**
**(ऐनको दफा (२) सँग सम्बन्धित)**
**गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पति करको दर**

| | |
|---|---|
| १ | एकिकृत सम्पती कर |
| | केदारस्यूँ गाउँपालिकाले एकिकृत सम्पत्तीको बारेमा विस्तृत अध्ययन अनुसन्धान गरेर नियमानुसार हुन आउने रकम कायम गरिने छ ।<br>एकिकृत सम्पती कर लागु नभएसम्म नियमानुसार बुँदा नं. २ मा उल्लेख भए बमोजिम कर लाग्नेछ । |
| २ | घर कर (प्रतिवर्ष) |

| | | |
|---|---|---|
| | क) केदारस्युँ गाउँपालिका स्थानीय बजार सडक छेउका पक्कीघर | रु.१००।- |
| | ख) केदारस्युँ गाउँपालिका स्थानीय बजार सडक छेउका कच्चीघर | रु.५०।- |
| | अन्य बस्ती प्रतिघर | |
| | क) ढलान भएको घर | रु.५०।- |
| | ख) सिलेट वा जस्ताको छाना भएको घर | रु.२५।- |
| | ग) खर/फुसले छाएको घर | रु.१५।- |
| | **प्रति जग्गा प्रतिघर** | |
| | क) सडक छेउका घर पक्की | ५०० |
| | ख) सडक छेउका घर कच्ची | २५० |
| | ग) सडक छेउका घर टहरा | १५० |
| | घ) अन्य वस्ती घर पक्की | २५० |
| | ङ) अन्य वस्ती घर कच्ची | १२५ |
| | च) अन्य वस्ती घर टहरा | ७५ |

अनुसुची-२
(ऐनको दफा (३) सँग सम्बन्धित)
गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमिकर (मालपोत) करको दर

| | | | |
|---|---|---|---|
| १. | भूमि कर (प्रतिवर्ष) | | |
| | क) गाउँपालिकाको स्थानीय बजारहरुमा सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दा कम) जग्गा मूल्याङ्कन रकमको | | १% |
| | ख) सडकले छोएको जग्गा प्रति घडेरी (१ रोपनी भन्दा माथी) | | १ % |
| | ग) शाखा सडक (ग्राभेल)ले छोएको जग्गा (१ रोपनी भन्दा कम) | | ०.५०% |
| | घ) अन्य भित्री बाटो प्रति घडेरी | | ०.२५% |
| २. | मालपोत कर (प्रति रोपनी) | | |
| | जग्गाको किसिम | खेत | पाखो |
| | क) अब्बल | ३०।- | २५।- |
| | ख) दोयम | २५।- | २०।- |
| | ग) सिम | २०।- | १५।- |
| | घ) चाहार | १५।- | १०- |

अनुसुची-३
(ऐनको दफा (४) सँग सम्बन्धित)
गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल करको दर

| | |
|---|---|
| १. | बहाल कर<br>गाउँपालिका क्षेत्र भित्रका घर, ग्यारेज, पसल, गोदाम, टहरा, छप्पर, कारखाना, उद्योग, जग्गा वा पोखरी पुरै वा आंशीक रुपमा बहाल दिएमा घर धनीबाट बहाल रकम को १०% बहाल कर लिइने छ । |

अनुसुची-४
(ऐनको दफा(५)सँग सम्बन्धित)
गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसाय करको दर

| | | |
|---|---|---|
| १. | व्यवसाय कर दर रेट (प्रतिवर्ष) | |
| | व्यापारिक वस्तु | |
| | १.१ सूर्तीजन्य, ज्वेलरी, भिडीयो क्यासेट रिकर्डर प्लेयर को इलेक्ट्रोनिक व्यापारमा | |
| | क) खुद्रा व्यापारमा | रु. ८००।- |
| | ख) थोक व्यापारमा | रु. ४१००।- |
| | १.२ होटल व्यवसाय | |
| | क) साना चिया होटल | रु.५५०।- |
| | ख) मझौला होटल | रु.८००।- |
| | ग) ठूला होटल | रु.२०००।- |
| | १.३ मदिरा व्यवसाय | |
| | क) खुद्रा व्यापारमा | रु.४५००।- |
| | ख) थोक व्यापारमा | रु.९०००।- |
| | १.४ कम्प्युटर, विद्युतिय सामान, क्यामरा, टेलिभिजन, रेडियो, मोबाइल, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको व्यापारमा | |
| | क) खुद्रा व्यापारमा | रु.८००।- |
| | ख) थोक व्यापारमा | रु.३५००।- |
| | १.५ भाँडा पसल | रु.८००।- |
| | १.६ हार्डवेयर/निर्माण सामग्री पसल | रु.२०००।- |
| | १.७ कुटानी पिसानी मिल | रु.२०००।- |
| | १.८. दैनिक उपभोग्य वस्तु, सुति कपडा, फेन्सी स्टोर आदिको व्यापारमा | |
| | क) खुद्रा व्यापारमा | रु.१०००।- |
| | ख) थोक व्यापारमा | रु.२०००।- |
| | १.९ सवारी साधान विक्रेता | |
| | क) खुद्रा व्यापारमा | रु.१५००।- |
| | ख) थोक व्यापारमा | रु.२५००।- |
| | १.१० फुटपाथ व्यापारी प्रतिमहिना प्रतिमहिना | रु.२००।- |
| | १.११ घुमन्ते व्यापारी प्रतिमहिना | रु.५००।- |
| | १.१२ घुमन्ते थोक व्यापारी प्रतिमहिना | रु.१०००।- |
| | १.१३ सामान ढुवानीकर्ता कम्पनी प्रतिवर्ष | रु.१५००।- |
| २. | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक कर प्रतिवर्ष | |

| | | |
|---|---|---|
| | २.१ चिकित्सक | रु.१५००।- |
| | २.२ कविराज | रु.१०००।- |
| | २.३ इन्जिनियर | रु.१५००।- |
| | २.४ कानून व्यवसायी | रु.१५००।- |
| | २.५ लेखापरीक्षक | |
| | “क” श्रेणी | रु.२०००।- |
| | “ख” श्रेणी | रु.१५००।- |
| | “ग” श्रेणी | रु.१०००।- |
| | २.६ दन्त चिकित्सक | रु.१०००।- |
| | २.७ मेडिकल फार्मेसी एग्रोभेट | रु.१०००।- |
| | २.८ बिमा एजेन्ट | रु.१०००।- |
| | २.९ अनुसन्धानकर्ता तथा परामर्शदाता | रु.१०००।- |
| | २.१० कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | रु.१०००।- |
| ३. | **उत्पादनमूलक उद्योग**<br>कोरा माल, अर्ध प्रशोधित माल, खेर गैरहेको माल सामान वा अनय माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायलाई प्रतिवर्ष | रु.२५००।- |
| ४. | **उर्जामुलक**<br>जलश्रोत, वायु, सौर्यशक्ति, प्राकृतिक तेल, ग्याँस/वायोग्याँस तथा अन्य श्रोतबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा प्रतिवर्ष | रु.२५००।- |
| ५. | **कृषि, पशु तथा वनपैदावारजन्य प्रतिवर्ष** | |
| | क) कृषि तर्फ - तरकारी, नर्सरी, अन्य फलफूल | रु.५००।- |
| | ख) पशु पैठारी तथा निकासी रागा, भैसि प्रतिगोटा | रु ८००।- |
| | ग) वन तर्फ सामुदयिक बन, निजी बन, कबुलियती बन | रु.६००।- |
| | घ) जडीबुटी निकासी प्रतिगाडी | रु २५००। |
| ६. | **खनिज उद्योग** | |
| | क) खनिज पदार्थ उत्खनन तथा प्रशोधन | रु.१५००।- |
| ७. | **पर्यटन उद्योग** | |
| | पर्यटक आवास, होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टीङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर बलुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा प्रतिवर्ष | रु.२०००।- |
| ८. | **सेवा उद्योग** | |
| | छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफि, भिडीयो प्रयोगशाला, केबुलकार सेवा, शीतभण्डार आदि उद्योग व्यवसायमा प्रतिवर्ष | रु. २५००।- |
| ९. | **निर्माण उद्योग** | |
| | ”घ” वर्ग इजाजत पत्र | रु.५५००।- |
| | ”घ” वर्ग प्रतिवर्ष नविकरण ( असोज मसान्त पछि थप २५ प्रतिशत जरिवाना) | रु ३५००।- |
| | सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फ्लाइङ्ग ब्रिज तथा औधोगिक व्यापारिक एवं आवास कम्प्लेक्सन आदि निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसायमा प्रतिवर्ष | रु.५०००।- |
| | करसर, इटा, सिमेन्ट बलक उधोग व्यवसायी | रु ५०००।- |
| १०. | **सञ्चार सेवा (प्रतिवर्ष)** | |
| | क) निजी क्षेत्रको हुलाक सेवा, | रु.८००।- |
| | ख) निजी क्षेत्रको टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाइल फोन, इमेल इन्टरनेट, रेडियो, पेजिङ्ग आदिमा | रु.८००।- |

| | | |
|---|---|---|
| | ग) कुरियर सेवा | रु.७५०।- |
| | घ) छपाई तथा प्रकाशन | रु.१५००।- |
| | ङ) स्टेशनरी/पुस्तकालय | रु.८००।- |
| | च) एफ. एम. रेडीयो | रु.४०००।- |
| ११. | **वित्तीय सेवा** | |
| | ११.१ नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | |
| | "क" वर्ग बैंक प्रतिवर्ष | रु.५५००।- |
| | "ख" वर्ग बैंक प्रतिवर्ष | रु.४५००।- |
| | "ग" वर्ग वित्तिय संस्थाहरु प्रतिवर्ष | रु.३५००।- |
| | "घ" वर्ग लघुवित्त तथा सहकारी संस्थाहरु प्रतिवर्ष | रु.२५००।- |
| | ११.२ आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनी प्रतिवर्ष | रु.५५००।- |
| | ११.३ वित्तिय कम्पनिका शाखा कार्यालय | रु.२५००।- |
| | ११.४ बिमा कम्पनी प्रतिवर्ष | रु.५०००।- |
| | ११.५ विदेशी मुद्रा सटही प्रतिवर्ष | रु.१०००।- |
| | ११.६ मनि ट्रान्सफर सेवा प्रतिवर्ष | रु. २०००।- |
| १२. | **स्वास्थ्य सेवा** (प्रतिवर्ष) | |
| | क) गैर सरकारी अस्पताल | रु.३०००।- |
| | ख) नर्सिङ्ग होम | रु.३५००।- |
| | ग) क्लीनिक ल्याब | रु.२०००।- |
| | घ) मेडिकल | रु.१२००।- |
| १३. | **शिक्षा सेवा** (प्रतिवर्ष) | |
| | १३.१ निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्व विद्यालय | |
| | क) प्रा.वि.स्तर | रु.२०००।- |
| | ख) नि.मा.वि.स्तर | रु.३०००।- |
| | ग) मा.वि.स्तर | रु.४०००।- |
| | घ) क्याम्पस स्तर | रु.६०००।- |
| | ङ) प्राविधिक शिक्षालय | रु ६०००। |
| | १३.२ तालिम तथा अध्ययन, अनुसन्धान केन्द्र | रु.१५००।- |
| | १३.३ टाइपिङ्ग, कम्प्युटर प्रशिक्षण तथा भाषा प्रशिक्षण संस्था | रु.२५००।- |
| | १३.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | रु.३५००।- |
| | १३.५ राष्ट्रिय गैर सरकारी संस्था | रु.२०००।- |
| | १३.६ ट्युसन तथा कोचिङ्ग सेन्टर | रु.१५००।- |
| | १३.७ परामर्श सेवा (सुचीकृती ) | रु.२५००।- |
| | १३.७ परामर्श सेवा ( नविकरण ) | रु.१०००।- |
| १४. | **मर्मत सम्भार सेवा** (प्रतिवर्ष) | |
| | क) हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार, मोटर साइकल, मर्मत कारखाना | रु.१५००।- |
| | ख) रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलिफोन सेट, विद्युतिय सामान मर्मत केन्द्र | रु.८००।- |
| १५. | **अन्य सेवा** (प्रतिवर्ष) | |
| | क) विज्ञापन सेवा | रु.१०००।- |
| | ख) वैदेशिक रोजगार सेवा | रु.२०००।- |
| | ग) स्वदेशी रोजगार सेवा | रु.१०००।- |
| | घ) सेक्रेटरीयल सेवा | रु.१०००।- |
| | ङ) हाउजिङ्ग कम्पनी तथा जग्गा खरिद विक्री | रु.२५००।- |

| | | |
|---|---|---|
| | च) व्युटी पार्लर, केश श्रृङ्गार ड्राइ क्लिनर | रु.८००।- |
| | छ) पशु बधशाला | रु.१०००।- |
| | ज) मासु विक्रेता | रु.८००।- |
| | झ) पुल हाउस | रु.१०००।- |
| | ञ) खोटो व्यवसायी कम्पनी फर्म | रु.२५००।- |
| | ट) सिसा प्लाइउड विक्रेता | रु.१०००।- |
| | ठ) स्टिल दराज, काठ, फर्निचर विक्रेता | रु.१५००।- |
| | ड) केबल नेटवर्किङ्ग, डि.टि.एच. सेवा | रु.२५००।- |
| | ढ) पार्क पिकनिक स्पट | रु.८००।- |
| | ण) सिलाइ कटाइ पसल | रु.८००।- |
| | त) टुर अपरेटर | रु.१५००।- |
| | थ) ग्याँस डिलर | रु.१०००।- |
| | द) उद्योग | रु.१५००।- |
| | ध) सोलार पसल | रु.१०००।- |
| | न) आयल स्टोर | रु.३०००।- |
| १६. | **ढुंगा, गिटी र बालुवा सम्बन्धी** | |

| विवरण | स्थानीय निकासीकर्ताको लागि | | बाह्य स्थानीय निकासीकर्ताको लागि | |
|---|---|---|---|---|
| | इकाई | दररु. | इकाई | दररु. |
| ढुङ्गा | प्रति ट्रली (ट्रयाकटर) | ३०० | प्रति ट्रली (ट्रयाकटर) | ५०० |
| गिटी | प्रति ट्रली (ट्रयाकटर) | ४०० | प्रति ट्रली (ट्रयाकटर) | ६५० |
| बालुवा | प्रति ट्रली (ट्रयाकटर) | ५०० | प्रति ट्रली (ट्रयाकटर) | ७०० |
| गा पा बाट सञ्चालित योजनाहरुमा लाग्ने स्थानिय सामाग्रि ढुङ्गा बालुवा र गिठ्ठि | प्रति (घ मी) | २।०० | | |

अनुसुची-१२
(ऐनको दफा(१३)सँग सम्बन्धित)
**गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दर**

| | | |
|---|---|---|
| १. | **घर नक्सा पास सम्बन्धी** | |
| | क) स्थानीय बजार क्षेत्र भवन प्रति बर्ग फिटको ( प्रति तला तथा प्रति बर्ग फिटको रु १ का दरले थप हुनेछ ) | रु ४.५०।- |
| | ख) शाखा सडक भित्रका भवनको भवन प्रति बर्ग फिटको | रु २.५०।- |
| | ग) अन्य बस्तीक्षेत्र भवन प्रति बर्ग फिटको | रु २.५०।- |
| २. | **योजना निर्माण वा कार्य सम्पन्न सिफारिस** | |
| | क) ५ लाख सम्मको लागि | रु.५००।- |

| | | |
|---|---|---|
| | ख) ५ लाख देखि १० लाख सम्मका लागि | रु.१०००।- |
| | ग) १० लाख देखि १५ लाख सम्मका लागि | रु१५००। |
| | घ) १५ लाख देखि २० लाख सम्मका लागि | रु २०००। |
| | ङ) २० लाख भन्दा माथी | रु ५०० । प्रति १० लाखकादरले |
| | | |
| ३. | **संघ संस्था दर्ता सिफारिस** | रु.१०००।- |
| ४. | **घरजग्गा मूल्याङ्कन** | |
| | क) विद्यार्थीको लागि (रु.१ करोड भन्दा कमको लागि) | रु. २०००।- |
| | ख) अन्य व्यक्तिको हकमा प्रतिकरोड | रु. ५०००।- |
| | ग) र दुवैको हकमा थप प्रति करोड | रु. १०००।- |
| ५. | **व्यावसायिक संघ संस्था दर्ता सिफारिस** | |
| | क) तीन लाख रुपैया सम्मको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.२५०।- |
| | ख) पाँच लाख देखी दश लाख रुपैया सम्मको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.६००।- |
| | ग) दश लाख रुपैया भन्दा माथीको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.१५००।- |
| ६. | **सरसफाई कर (प्रति महिना)** | |
| | क) सडक किनाराका मुख्य होटल पसल | रु.१००।- |
| | ख) सडक किनाराका संगै जोडिएर बनेका घर पसल | रु.७०।- |
| | ग) गल्लीका होटल तथा पसल | रु.५०।- |
| ७. | **चारकिल्ला प्रमाणित दस्तुरः** | |
| | (क) जयपृथ्वी राजमार्गले छोयको (१०० मि. दाया बाया | रु.१०००।- |
| | (ख) अन्य क्षेत्रको | रु.४००।- |
| ८ | **सिफारिस तथा अन्य सेवा शुल्क** | |
| | क) साधारण व्यक्तिगत सिफारिस दस्तुर | रु.१००।- |
| | ख) समूह वा संस्थागत सिफारिस दस्तुर | रु.५००।- |
| | ग) घर बाटो प्रमाणित | रु.४००।- |
| | घ) जग्गा सम्बन्धी अंशवण्डा नामसारी सिफारिस | रु.४००।- |
| | ङ) घर भएको सिफारिस दस्तुर | रु.१००।- |
| | च) मुचुल्का प्रमाणित | रु.२००।- |
| | छ) पञ्जीकरण | |
| | जन्मदर्ता | रु.२००।- |
| | मृत्युदर्ता | रु.२००।- |
| | विवाहदर्ता | रु.३००।- |
| | बसाइसराईदर्ता | रु.२००।- |
| | सम्बन्ध विच्छेद दर्ता | रु.१५००।- |
| | जन्म, मृत्यु, बसाइ सराइ, विवाह र सम्वन्ध को प्रतिलीपी | रु. ५००।- |
| | ज) नाता प्रमाणित | रु.२५०।- |
| | झ) नागरिकता सिफारिस | रु.५०।- |
| | ञ) नाबालक परिचयपत्र सिफारिस | रु.५०।- |
| | ट) कृषि सिफारिस | रु.२५०।- |
| | ठ) समूह दर्ता | रु.५००।- |

| | | |
|---|---|---|
| | ड) ठेक्का पट्टा सिफारिस | रु.५०००।- |
| | ढ) मदिरा व्यवसाय सञ्चालन सिफारिस | रु.२५०००।- |
| | ण) वैदेशिक प्रयोजनको लागि | |
| | नाता प्रमाणित | रु.५००।- |
| | आम्दानी प्रमाणित जम्मा हुन आउने आम्दानीको | ०.०५% |
| | त) प्रचलित कानून तथा प्रत्यायोजित अधिकार बमोजिमका अन्य सिफारिस वा प्रमाणित | |
| | संस्थागत | रु.१०००।- |
| | व्यक्तिगत | रु.२००।- |
| | थ) खानेपानी मुहान दर्ता सिफारिस | रु.१५००।- |